# नेवार जातिभित्र सहभागिताको अवस्थाः असमानता र कारण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा विद्यावारिधि (पीएच.डी.)
उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता
सुदीप सिंह नकर्मी
त्रि.वि. दर्ता नं. ३७४८५-९०
विद्यावारिधि दर्ता नं. ११/२०६९

त्रिभुवन विश्वविद्यालय
काठमाडौं, नेपाल
२०७८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत समाजशास्त्र विषयमा विद्यावारिधि (पिएच.डी) उपाधिका लागि **नेवार जातिभित्र सहभागिताको अवस्थाः असमानता र कारण** शीर्षकमा सुदीप सिंह नकर्मीले तयार गर्नुभएको प्रस्तुत शोधप्रबन्ध हाम्रो सुपरिवेक्षण र निर्देशनमा तयार भएको हो । उहाँको यो शोधकार्यप्रति सन्तुष्ट भई प्रस्तुत शोधप्रबन्ध विद्यावारिधि उपाधिका निमित्त अन्तिम  मूल्याङ्कन गर्न हामी अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौं ।

..................................

सह-प्रा. डा. टीकाराम गौतम

शोध निर्देशक

..................................

डा. दिनेश प्रसाई

सह-शोध निर्देशक

मिति : २०७८।०७।०७

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय त्रि. वि. कीर्तिपुर

## अनुमोदन पत्र

**नेवार जातिभित्र सहभागिताको अवस्थाः असमानता र कारण** शीर्षकमा विद्यावारिधि (पिएचडी) शोधकार्य गर्ने शोधार्थी श्री **सुदीप सिंह नकर्मीले समाजशास्त्र** विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको बेहोरा प्रमाणित गरिन्छ ।

प्रा.डा. कुशुम शाक्य
डीन एवम् अध्यक्ष
अनुसन्धान समिति

मितिः २०८१/११/२२

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयमा समाजशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत **नेवार जातिभित्र सहभागिताको अवस्था: असमानता र कारण** शीर्षकको शोधप्रबन्ध मैले मेरो शोध निर्देशक सह प्रा. डा. टीकाराम गौतम र सह-निर्देशक डा. दिनेश प्रसाईको निर्देशनमा रही गरेको हो । यो मेरो मौलिक कार्य हो । यस शोधप्रबन्धको लेखनका लागि मैले विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र ती स्रोतहरूप्रति म कृतज्ञ छु । यस शोधप्रबन्धमा प्रस्तुत गरिएको अध्याय पुस्तक तथा लेख रचनाको रूपमा कहीँकतै प्रकाशित गराएको छैन । प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जिम्मेवार रहनेछु ।

..........................................

सुदीप सिंह नकर्मी

त्रि. वि. दर्ता नं. ३७४८५-९०

विद्यावारिधि दर्ता नं. ११/२०६९

## कृतज्ञता

विद्यावारिधि उपाधिका लागि तयार गरिएको यस **नेवार जातिभित्र सहभागिताको अवस्थाः असमानता र कारण** शीर्षकको शोधप्रबन्ध सह-प्रा. डा. टीकाराम गौतमको निर्देशन र डा. दिनेश प्रसाईको सह-निर्देशनमा तयार गरिएको हो । शोध विषय छनोट, विषयसँग मेल खाने सैद्धान्तिक पक्षसँग जानकार गराउने, आँकडा संकलन र विश्लेषणदेखि लिएर समग्र कार्यका लागि उहाँले दिनुभएको सल्लाह, सुझाव, हौसलाका साथसाथै अतुलनीय सहयोगका लागि शोध निर्देशक सह-प्रा. डा. टीकाराम गौतम सरप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधकार्य विश्लेषणलाई गहन बनाउन उल्लेख्य सरसल्लाह, सुझाव र प्रेरणा दिनुहुने सह-निर्देशक डा. दिनेश प्रसाईप्रति हार्दिक आभार प्रकट गर्दछु । यस शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन गर्नुहुने प्रा. डा. सुरेन्द्र मिश्र र सह-प्रा. डा. शुक्रराज अधिकारीप्रति पनि आभारी छु । यसै गरी यस शोधकार्यलाई गुणात्मक बनाउन सरसल्लाह प्रदान गर्नुहुने विषय विशेषज्ञ सह-प्रा. डा. डम्बर चेम्जोङ, बाह्य मूल्याङ्कन गर्नुहुने प्रा.डा. ओम गुरुङ र प्रा. डा. केशवकुमार श्रेष्ठप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै यस शोधकार्यलाई गुणात्मक बनाउन सरसल्लाह प्रदान गर्नुहुने डीन प्रा. डा. कुशुम शाक्य, सहायक डीन प्रा. डा. दुवि नन्द ढकाल, सह-प्रा. डा. चिरञ्जीवी आचार्य, प्रा. ताराप्रसाद भुसाल, सह-प्रा.डा. गोविन्द प्रसाद शर्मा, विभागीय प्रमुख सह-प्रा. डा. युवराज लुइँटेल, सह-प्रा. डा. मृगेन्द्र कार्की र अनुसन्धान समितिप्रति पनि आभारी छु ।

विद्यावारिधिको क्रममा Erasmus छात्रवृत्ति अन्तर्गत Bielefeld University, जर्मनीमा अध्ययन गर्ने अवसर पाएको थिएँ । उक्त अवसरका लागि Erasmus Programme र Bielefeld University प्रति आभार व्यक्त गर्न चाहन्छु । साथै, मेरो जर्मनी बसाइको क्रममा मलाई आवश्यक सम्पूर्ण सहयोगको वातावरण मिलाइ दिनुहुने, मेरो शोधकार्यसँग सम्बन्धित कक्षाहरु र Bielefeld University को पुस्तकालय भरपूर उपयोग गर्ने अवसर मिलाइ दिनुहुने यस कार्यक्रमका संयोजक Dr. Éva Rozália Hölzle प्रति पनि आभारी छु ।

यस शोधकार्यको सुरुवाती चरणदेखि नै घचघच्याइरहनुहुने साथी डा. प्रमोद भट्टप्रति पनि आभार प्रकट गर्दछु । यसै गरी शोधकार्य तयारीका क्रममा आफ्नो सम्पर्कमा भएको पुस्तकालयबाट आफ्नो जिम्मेवारीमा मलाई आवश्यक पाठ्यसामग्रीहरू निर्धक्क उपलब्ध गराई अतुलनीय सहयोग पुऱ्याउनुहुने दाजु डा. रमेश पराजुलीप्रति पनि म ज्यादै कृतज्ञ छु ।

यस शोधकार्यको क्रममा विभिन्न पाठ्यसामग्री उपलब्ध एवं सूचना संकलन कार्यमा सहयोग गर्नुहुने यज्ञ मूर्ति, पुष्प महर्जन, महेश महर्जन र अनु भण्डारीप्रति मुरीमुरी धन्यवाद ज्ञापन गर्दछु । यसै गरी शोधकार्यलाई पूर्णता दिन आफ्नो कार्यव्यस्ततालाई पनि वास्ता नगरी उत्साहपूर्वक पटकपटक लामो समयसम्म पनि झर्को नमानी मसँग प्रत्यक्ष अन्तरक्रियामा सहभागिता जनाउनु हुने कीर्तिपुरका उत्तरदाताहरूप्रति म ऋणी छु । यसै गरी आफ्नो कार्यव्यस्तताका बावजुद समय निकालेर मुख्य जानकार व्यक्तिको रूपमा मसँग छलफलका लागि समय दिनुहुने सम्पूर्ण महानुभावहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

शोधकार्य लेखनका क्रममा पटक पटक आफ्नो व्यस्त दिनचर्याका बावजुद मेरो घरमै आएर सद्भावका साथ भाषा सम्पादन कार्यमा सहयोग पुऱ्याउनुहुने मित्र पुष्पराज राईप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसै गरी प्रशासकीय व्यवस्थापनमा सहयोग पुऱ्याउनुहुने डीन कार्यालयका सम्पूर्ण कर्मचारीहरुप्रति पनि विशेष धन्यवाद ज्ञापन गर्दछु । विशेष विजय घिमिरे र कृष्ण कार्कीप्रति सदैव ऋणी रहनेछु ।

मलाई विद्यावारिधि कार्य गर्नका लागि सधैं घचघच्याइरहने अनि मेरो लेखन कार्यलाई सदैव पहिलो पाठकका रूपमा झर्को नमानीकन पढेर सरसल्लाह दिइरहनु हुने मेरा बुवा नेमसिंह नकर्मी र कीर्तिपुरका विभिन्न नेवारभित्रका उपजातिहरूसँग परिचित हुन सहयोग गर्नुहुने मेरी आमा उर्मिलादेवी नकर्मीप्रति पनि म निकै आभारी छु । यसै गरी अध्ययनको क्रममा विभिन्न अप्ठेरो अवस्थाको बावजुद पनि मलाई अध्ययनको वातावरण बनाइदिने र शोधप्रबन्ध तयार गर्ने क्रममा टाइप गर्ने कार्यमा पनि सहयोग गर्नुहुने मेरी जीवनसँगी रेजिना गुरुङ नकर्मीप्रति आजीवन ऋणी रहनेछु । अध्ययनको क्रममा लामो समयसम्म सन्तानलाई उचित समय दिन नसक्दा पनि कुनै गुनासो नगरीकन मेरो पढाइमा सहयोग पुऱ्याउने मेरी छोरी लिसमा नकर्मी र लजना नकर्मीलाई न्यानो माया प्रकट गर्दछु ।

..........................................

सुदीप सिंह नकर्मी

# शोधसार

बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक एवम् बहुभौगोलिक विविधतायुक्त नेपालको प्राचीन जातिहरूमा नेवारहरू पनि एक हो । नेवारहरूको सन्दर्भमा कुरा गर्दा उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक लगायत अन्य हिसाबमा पनि अगाडि रहेको तर्क स्वदेशी तथा विदेशी विद्वान्हरू गर्ने गर्दछन् । तर, नेवार विभिन्न उपजातिहरूको मिश्रित रूप हो । नेवारभित्रका सबै उपजातिहरूको समान रूपले विकास हुन सकेको छैन र उनीहरूबीच पनि आफ्नै किसिमको स्तरीकरण पाइन्छ । उँचनिचको भावना पाइन्छ । यसै कारणले नेवारहरूको विभिन्न क्षेत्रहरूमा राम्रो भनिएको अर्थात् उनीहरूको कुल जनसंख्याको अनुपातमा राम्रो देखिएको अवस्थाले नेवारभित्रका सबै उपजातिहरूको प्रतिनिधित्व गर्छ कि गर्दैन ? अथवा यसले नेवारभित्रका केही उपजातिहरूको मात्र प्रतिनिधित्व गर्दछ ? यसै उत्तर खोजीको प्रयास यस शोधमा गरिएको छ । अध्ययन मुख्यतः तीनओटा क्षेत्रहरू- उच्च शैक्षिक संस्था (त्रि.वि), गैर सरकारी संस्था र निजामती सेवामा केन्द्रित रहेर गरिएको छ ।

छानिएका क्षेत्रहरूमा नेवारको उपस्थिति उनीहरूको जनसंख्याको अनुपातमा राम्रो छ । तर यसलाई नेवारभित्रका उच्च भनिएका जातिहरू र त्यसमाथि पनि हिन्दू नेवारहरूले मात्र प्रतिनिधित्व गरेको छ । नेवार उपजातिहरूको उपस्थितिलाई पुनः लैङ्गिक दृष्टिबाट हेर्दा उच्च जातिहरूको राम्रो प्रतिनिधित्व भएका क्षेत्रहरूमा महिलाको भन्दा पुरुषको उपस्थिति राम्रो देखिन्छ भने अन्यको हकमा भने यो लागू हुँदैन । उच्च शिक्षाको आवश्यकता पर्ने प्रायः क्षेत्रहरूमा पेसागत उपजातिका महिला नेवारहरूको उपस्थिति पनि पुरुषहरूको हाराहारीमा नै छ ।

नेवार समाजभित्र पेसागत जातिहरूको विभिन्न क्षेत्रहरूमा देखिएको कम सहभागिता उनीहरूको जीवन संसार र व्यवस्थाबीच तालमेलको अभावको कारण समानान्तर तवरमा चल्न नसक्दाको परिणाम हो । ऐतिहासिक विभेद युक्त जातीय विभाजन र समय समयमा राज्यले अंगीकार गरेका नीतिहरूसँग पेसागत जातिका नेवारहरू चल्न नसक्दा यो असमानताको अवस्था सिर्जना भएको हो । 'भावो' र 'भारो'को वर्गीकारणमा होस् वा त्यसपछि जयस्थिति मल्लको जातीय विभाजनमा होस् वा त्यसपछि जंगबहादुरको मुलुकी ऐनमा होस् नेवारभित्रका पेसागत जातिहरू विभेदको सिकार भए । विभेदकै कारण उनीहरूले अन्य क्षेत्रमा आफ्नो सहभागिताको कल्पना गर्ने वातावरण नै बनेन । उनीहरूका

सन्तानहरूले पनि आफू जन्मेको समुदायले अपनाउँदै गरेको सांस्कृतिक मूल्य, मान्यता, व्यवहार, भावना, चलन, परम्परा, सोच आदिलाई आत्मसात् गर्दै गए र यसै अनुरूप समाजलाई हेर्न र बुझ्न थाले । उनीहरूको संलग्नता चाडपर्व र जात्राहरूमा अत्यधिक हुने हुँदा यसले उनीहरूलाई अन्य क्षेत्रका बारेमा खासै सोच्ने अवसर नै दिएन । अझै जन्मदेखि मृत्युसम्म गरिने सबै प्रकारका संस्कारहरूले पनि उनीहरूको जीवनसंसार निर्माणमा महत्वपूर्ण भूमिका खेल्दै गयो । यसै कारण राज्यले अंगीकार गरेका विभिन्न नीतिहरू अनुसार उनीहरू चल्न सकेनन् । ऐतिहासिक कालदेखि नै शासकहरूले हिन्दू धर्मलाई बढी प्राथमिकतामा राखेको कारण नेवारभित्रका हिन्दू नेवारहरूले राज्यसँग नजिक हुने मौका पाए भने अरूमा राज्यसत्तासँग नजिक हुने मोह जागेन । यसले बौद्ध धर्मावलम्बी नेवार उपजातिहरूको विभिन्न क्षेत्रहरूमा उपस्थितिलाई तुलनात्मक हिसाबमा रोक्यो ।

पृथ्वीनारायण शाह र उनीपछिका शासकहरूले गरेको राज्य विस्तारसँगै विभिन्न क्षेत्रहरूमा खस भाषाले सम्पर्क भाषाको रूपमा व्यापकता पाउँदै गयो । पछि यसैलाई राष्ट्रभाषा र सरकारी कामकाजको भाषा बनाइयो । गैर खस भाषीहरूमा खसभाषा बाध्यकारी बन्दै गयो । पञ्चायलकालमा त झनै एक भाषाको नीति नै लादियो । नेपाली भाषा, राज संस्था र हिन्दू धर्मलाई मात्र राष्ट्रिय एकताको प्रतीकको रूपमा प्रचारप्रसार थालियो । नेपाली भाषालाई मात्र आधिकारिकता दिँदै शिक्षण सिकाइ, प्रशासनिक कामकाज, सञ्चार, संसद्, अदालत आदिमा प्रयोग गरियो । यसको असर विद्यालय पठनपाठनदेखि अन्य क्षेत्रहरूमा पनि पर्‍यो । नेपाली भाषमा कम पहुँच भएका बहुसंख्यक पेसागत नेवार जातिहरू यस नीतिसँग चल्न सकेनन् । नेपाली भाषामा पहुँच कम भएकै कारण विभिन्न क्षेत्रहरूमा सहभागिता जनाउन सक्ने अवरुथा बनेन । नेवार जातिमा विवाहको नियम सजातीय छ, उनीहरू संयुक्त परिवारमा बस्नुलाई प्रतिष्ठाको विषय ठान्दछन् । गुठी ( विशेषतः सी गुठी र देवपूजा वा देवाली गुठी)ले प्रत्येक नेवारको जीवन हुर्काइमा महत्वपूर्ण भूमिका खेल्दछ । अझै पेसागत जातिले आफ्नो परम्परागत जातीय पेसा अपनाउँदा परिवारका अन्य सदस्यहरूको संलग्नता पनि अपरिहार्य हुने गर्दछ । यसले उनीहरूको सामाजिक सम्बन्धको दायरा साँघुरो र आफ्नो समुदायमा मात्र सीमित गरिदियो । जातीय पेसामा संलग्न हुँदा पुरुषको भूमिका प्रमुख हुने हुँदा पुरुषहरू अझै विभिन्न मौकाबाट टाढा रहनु पर्ने भयो । महिलाहरू पुरुषको दाँजोमा थोरै स्वतन्त्र हुने हुँदा उनीहरूले पेसागत

जातिमा पुरुषले भन्दा शिक्षा लगायत अन्य क्षेत्रहरूमा संलग्न हुने मौका पाए । यसैको परिणाम उनीहरूको विविध क्षेत्रहरूमा उपस्थिति देखियो । तर यो उपस्थिति पनि अझै पर्याप्त भने छैन ।

तसर्थ, पेसागत जातिकाहरूको जीवनसंसार उच्च ठहर गरिएका नेवार उपजातिहरूको भन्दा फरक रह्यो र तुलानात्मक रूपमा पेसागत जातिहरूको जीवनसंसारको तालमेल व्यवस्थासँग कमजोर रहन गयो । आधुनिक समाजमा व्यवस्था अलि बढी शक्तिशाली भई दिँदा स्वतन्त्र र खुल्ला संवादको अभावमा पेसागत जातिहरूको जीवनसंसार व्यवस्था अनुकूल चल्न सकेन । यस प्रक्रियामा उनीहरूको जीवन पद्धतिलाई व्यवस्थाले पूर्ण रूपमा आफ्नो प्रभावमा पाऱ्यो (Colonized) । जीवनसंसार कमजोर र व्यवस्था बढी तागतवर भइदिँदा जीवनसंसार र व्यवस्था समानान्तर तवरमा अगाडि बढ्न सकेन । पेसागत जातिमध्ये पनि जसको जीवनसंसार व्यवस्थासँगको अनुकूलतामा चल्न सक्यो उनीहरूले भने विविध क्षेत्रहरूमा उपस्थितिको अवसर तुलनात्मक रूपमा पाउँदै गए । यस्तो अनुकूलताबाट भने नेवारभित्रका अशुद्ध र अछूत ठहर गरिएकाहरू अन्य पेसागत जातिहरूको तुलनामा अझै टाढा रहेको कारणले उनीहरूको सहभागिता विभिन्न क्षेत्रहरूमा हुन सकेन ।

# विषयसूची


सिफरिस पत्र i

अनुमोदन पत्र ii

प्रतिबद्धता पत्र iii

कृतज्ञता iv

संक्षेपीकृत vi

शोधसार vii

**अध्यायः एक**
**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको उद्देश्य ७

१.४ अध्ययनको महत्व ८

१.५ अध्ययनसँग सम्बन्धित पूर्व कार्यको समीक्षा र सैद्धान्तिक ढाँचा ८

१.५.१ समावेशिता र बहिष्करण सम्बन्धी अवधारणा ९

१.५.२ समावेशिता र सैद्धान्तिक बहस ११

१.५.३ सैद्धान्तिक तथा विश्लेषणात्मक ढाँचा १७

१.६ अध्ययनको संगठन २१

**अध्यायः दुई**
**नेवार जाति सहभागिता र असमानता**

२.१.१ नेवार जाति एक परिचय २२

२.१.२ नेपालमण्डल र नेवार २६

२.१.३ जनजाति र नेवार २९

२.१.४ पेसा, धर्म र वंशज ३३

२.१.५ सामाजिक स्तरीकरण ४३

## अध्यायः तीन
## अध्ययन विधि

३.१ अनुसन्धानको प्रकृति ४६

३.२ अध्ययन क्षेत्र छनोटको औचित्य ४७

३.२.१ त्रिभुवन विश्वविद्यालय ४७

३.२.२ गैर सरकारी संस्था ४९

३.२.३ निजामती सेवा ४९

३.२.४ कीर्तिपुर ५०

३.३ आँकडा संकलनका लागि नमुना छनोटको आधार ५१

३.४ आँकडा सङ्कलन र विश्लेषण ५४

३.५ अध्ययन सीमा ५९

## अध्यायः चार
## नेवार उपजातिको विभिन्न क्षेत्रहरूमा देखिएको असमान सहभागिता

४.१.१ त्रिभुवन विश्वविद्यालय जन्म र इतिहास ६१

४.१.२ त्रिभुवन विश्वविद्यालयमा समावेशी नीति ६५

४.१.३ त्रिभुवन विश्वविद्यालय प्राध्यापन पेसामा नेवार उपजातीय सहभागिता ६७

४.१.४ त्रिभुवन विश्वविद्यालय कर्मचारी र नेवार उपजातीय सहभागिता ७४

४.२.१ नेपालमा गैर सरकारी संस्था ७७

४.२.२ गैर सरकारी संस्था र समावेशिता ८२

४.२.३ गैर सरकारी संस्थाहरूमा नेवार उपजातीय सहभागिता ८४

४.२.४ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा नेवार कर्मचारीहरूको सहभागिता ८८

४.३.१ निजामती सेवा ९५

४.३.२ नेपालमा निजामती सेवा र समावेशीकरण ९८

४.३.३ निजामती सेवामा नेवार उपजातीय सहभागिता १०३

४.३.४ लोक सेवा आयोगको सिफारिसमा परेका नेवार उपजाति ११०

## अध्यायः पाँच
## नेवार उपजातिमा असमान सहभागिताका कारण


५.१ असमानताको ऐतिहासिक स्वरूप ११४

५.१.१ लिच्छविकाल ११६

५.१.२ मल्लकाल ११८

५.१.३ शाहकाल १२४

५.२ पेसागत जाति, परम्परागत पेसा र सामाजिकीकरण १३५

५.२.१ विवाह र परिवार १४२

५.२.२ गुठी संस्था १४४

५.३ चाडपर्व, भोज, जात्राहरू र झुकाव १५०

५.३.१ ठाउँ वा टोल विशेषका आधारमा मनाइने पर्व/जात्राहरू १५६

५.३.२ सबै नेवारहरूले साझा रूपमा मनाउने पर्व/जात्रा १५७

५.३.३ पेसागत जातिको अत्यधिक सहभागिता रहने जात्राहरू १५९

५.३.३.१ न्हयूगाँ जात्रा १५९

५.३.३.२ बाघ भैरव जात्रा १६१

५.३.३.३ मच्छिन्द्रनाथको जात्रा १६२

५.३.३.४ यःमरिपुन्ही १६३

५.४ मातृभाषाप्रति राज्यको उदासीनता १६५

५.४.१ राज्यले नेपालभाषालाई गरेको विभेद १७०


## अध्यायः छ
## सारांश र निष्कर्ष


६.१ सारांश १७५

६.१.१ प्राज्ञिक क्षेत्र, गैर सरकारी संस्था र निजामती सेवामा नेवार उपजातीय सहभागिता १८०

६.१.२ नेवार उपजातीय असमान सहभागिता बारेमा छलफल १८४

६.२ निष्कर्ष १८९

परिशिष्ट १ : त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत विद्यावारिधि शोधकार्यमा संलग्न सुदीप सिंह नकर्मी विद्यावारिधि अध्ययनको लागि आवश्यक पर्ने आँकडा संकलन फाराम १९६
परिशिष्ट २ : अन्तक्रियामा संलग्न मुख्य जानकार व्यक्तित्वहरू १९७
परिशिष्ट ३ : उत्तरदाताहरूसँग छलफलका लागि तयार पारिएका बुँदाहरू १९८
परिशिष्ट ४ : मुख्य जानकार व्यक्तित्वहरूसँग प्रत्यक्ष छलफलका लागि तयार परिएका बुँदाहरू २०१
परिशिष्ट ५ : धरःपौः जितामित्र मल्लकालीन जात/थरहरू आधारित धरःपौमा २०३
परिशिष्ट ६ : चन्द्रमास अनुसार तिथि र महिना २०६
परिशिष्ट ७ : **Pure and Impure Castes** २०८

**सन्दर्भ सामग्री** २०९

# तालिका सूची

तालिका २.१ : नेवारको तहगत विभाजन ४४
तालिका ४.१ : त्रिभुवन विश्वविद्यालय प्राध्यापन पेसामा नेवार उपजातीय सहभागिता ६९
तालिका ४.२ : पद्म कन्या र पाटन क्याम्पसमा प्राध्यापन पेसामा नेवार उपजातीय सहभागिता ७०
तालिका ४.३ : लैङ्गिक दृष्टिबाट प्राध्यापन पेसामा नेवार उपजातीय सहभागिता ७२
तालिका ४.४: लैङ्गिक दृष्टिबाट पाटन क्याम्पस र पद्म कन्या क्याम्पसमा प्राध्यापन पेसामा नेवार सहभागिता ७२
तालिका ४.५ : धर्मका आधारमा प्राध्यापन पेसामा उच्च जातिका नेवार उपजातिहरू सहभागिता ७४
तालिका ४.६ : त्रिभुवन विश्वविद्यालयको कर्मचारीमा नेवार उपजातीय सहभागिता ७५
तालिका ४.७ : लैङ्गिक दृष्टिबाट कर्मचारीमा नेवार उपजातीय सहभागिता ७६
तालिका ४.८ : धर्मका आधारमा त्रि.वि कर्मचारीभित्र उच्च जातिका नेवार उपजातिहरू सहभागिता ७७
तालिका ४.९ : गै.स.स.का कर्मचारीहरूमा नेवार उपजातीय सहभागिता ८७
तालिका ४.१० : सिविनका कर्मचारीहरूमा नेवार उपजातीय सहभागिता ८८
तालिका ४.११ : अ.गै.स.स.का कर्मचारीहरूमा नेवार उपजातीय सहभागिता ८९
तालिका ४.१२ : इसिमोडका कर्मचारीहरूमा नेवार उपजातीय सहभागिता ९०
तालिका ४.१३ : धर्मका आधारमा अ/गै.स.सं.मा उच्च जातिका नेवार उपजातिहरू सहभागिता ९२
तालिका ४.१४ : लैङ्गिक दृष्टिबाट गै.स.सका नेवार उपजातीय सहभागिता ९३
तालिका ४.१५ : लैङ्गिक दृष्टिबाट सिविनमा नेवार उपजातीय सहभागिता ९३
तालिका ४.१६ : लैङ्गिक दृष्टिबाट अ.गै.स.समा नेवार उपजातीय सहभागिता ९५
तालिका ४.१७ : लैङ्गिक दृष्टिबाट इसिमोडमा नेवार उपजातीय सहभागिता ९५
तालिका ४.१८ : निजामती सेवाका लागि लोकसेवा आयोगले खुलातर्फ छुट्याएको आरक्षण कोटा १००

तालिका ४.१९ : निजामती सेवामा नेवार उपजातीय सहभागिता १०५
तालिका ४.२० : गृह मन्त्रालयअर्न्तगत कार्यरत निजामती सेवामा नेवार उपजातीय सहभागिता १०६
तालिका ४.२१ : लैङ्गिक दृष्टिबाट निजामती सेवामा नेवार उपजातीय सहभागिता १०८
तालिका ४.२२ : गृह मन्त्रालयअन्तर्गत कार्यरत नेवार कर्मचारीहरूको लैङ्गिक दृष्टिबाट उपजातीय सहभागिता १०८
तालिका ४.२३ : धर्मका आधारमा निजामती सेवामा उच्च जातिका नेवार उपजातिहरू सहभागिता १०९
तालिका ५.१: मुलुकी ऐन (१९१०) को जात वर्गीकरण र नेवार १२७

# चार्ट/चित्र


चित्र नं. १.१: सैद्धान्तिक तथा अवधारणात्मक खाका २०

चित्र नं. ५.१: नेवार उपजातिहरूको मुलुकी ऐन अन्तर्गत नेवार जातिको ऐन अनुसार दण्ड खर्चको आधारमा देखिएको समाजिक हैसियत १२९

# संक्षेपीकृत

| | | |
|---|---|---|
| अ.गै.स.सं. | : | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था |
| अ.प्र. | : | अत्यधिक प्रतिनिधित्व |
| क.प्र. | : | कम प्रतिनिधित्व |
| गै.स.सं. | : | गैर सरकारी संस्था |
| रा.प्र. | : | राम्रो प्रतिनिधित्व |
| शू.प्र. | : | शून्य प्रतिनिधित्व |
| सं | : | सम्पादक |
| त्रि.वि | : | त्रिभुवन विश्वविद्यालय |
| COCAP | : | Collective Campaign for Peace |
| CWIN | : | Child Workers in Nepal |
| CWISH | : | Children-Women in Social Service and Human Rights |
| FWLD | : | Forum for Women, Law and Development |
| ICIMOD | : | International Centre for Integrated Mountain Development |
| ILO | : | International Labour Organization |
| SIAG | : | Social Inclusion Action Group |
| T.U. | : | Tribhuvan University |
| U.G.C. | : | University Grants Commission |
| UNESCO | : | United Nations Educational, Scientific and Cultural Organizatio |